बैठक संख्याः १६

श्री

आज मिति २०८० साल बैशाख ८ गते विहान ७:३० वजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

## उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री कृष्ण प्रसाद सापकोटा, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री वेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुर्व थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

| | | | |
|---|---|---|---|
| १६. | | श्री उमाशंकर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी देवी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोलि | |
| २८. | | | |
| २९. | | [illegible] | [illegible] |
| ३०. | | | |

प्रस्तावहरु

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२. ट्रमा सेन्टर निर्माण सम्बन्धमा ।

३. आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट निर्माण सम्बन्धमा ।

४. विविध ।

(क) चिसापानी अस्पतालको सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्ष मनोनयन सम्बन्धमा ।

(ख) शोक प्रस्ताव ।

प्रस्तुत प्रस्तावित विषयहरुमा छलफल गरियो ।

निर्णय :

निर्णय नं. १:

- बर्दघाट नगरपालिका नगर कार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्था बारे समीक्षा गरियो ।

निर्णय नं. २

- संघीय सरकार, सघन शहरी तथा भवन निर्माण आयोजना चितवनको च.नं. २१६ मिति २०७९/०५/०९ को पत्रानुसार चालु आ.व २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ५० वेडको ट्रमा सेन्टर निर्माण कार्यको लागि रु ४ करोड बजेट विनियोजन भई ट्रमा सेन्टर स्थापना गर्नको लागि स्थान एकिन गरिदिनु हुन भन्ने वेहोराको पत्र प्रास भएको साथै प्रस्तावित ट्रमा सेन्टर निर्माणका लागि सबैलाई पायक पर्ने तथा राजमार्ग आसपासको क्षेत्रमा बर्दघाट-२ चिसापानी स्थित राष्ट्रिय आवास कम्पनीको स्वामित्वमा रहेको देहाय वमोजिमको जग्गा भएकोले उक्त जग्गा कम्पनीसँग निःशुल्क वा न्यूनतम मूल्यमा वार्षिक लिज रकम नगरपालिकाले भुक्तानी गर्ने गरी दीर्घकालीन रुपमा (४० वर्षसम्म) लिजमा लिई ट्रमा सेन्टर निर्माण गर्ने ।

तपशिल

| जिल्ला | नगरपालिका | वडा नं | कि.नं | क्षेत्रफल | लिजमा लिने क्षेत्रफल | कै |
|---|---|---|---|---|---|---|
| नवलपरासी | साविक माकर गा.वि.स. हाल बर्दघाट नगरपालिका वडा नं २ | २/ग | १३१० | ८-२-१२-० | १-१०-०-० | |

निर्णय नं. ३

- बर्दघाट नगरपालिकाको मिति २०८०/०१/०६ गते नगर उपप्रमुख श्री रुद्रप्रकाश उपाध्यायको अध्यक्षतामा निर्माण गरिएको आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट तर्जुमा कार्यतालिका स्वीकृत गरी उल्लिखित कार्ययोजना अनुसार आगामी आर्थिक वर्षको बजेट निर्माण गर्ने ।

| आर्थिक वर्ष २०८०।८१ को बजेट तर्जुमा कार्य तालिका | | | |
|---|---|---|---|
| सि.नं | क्रियाकलाप | मिति | मुख्य जिम्मेवारी |
| १ | बजेट तर्जुमा कार्यतालिका निर्माण | २०८०।१।६ | योजना शाखा |
| २ | विषयगत समितिको बैठक र नीतिगत पृष्टपोषण | २०८०।०१।७ देखि १२ | सदस्य सचिव |
| ३ | राजश्व परामर्श समितिको बैठक र अन्तिम प्रतिवेदन | २०८०।०१।७ देखि १३ | राजस्व शाखा |
| ४ | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक र बजेटको सीमा निर्धारण । | २०८०।०१।१४ | आर्थिक प्रशासन र योजना |
| ५ | वडागत/शाखागत बजेट सिलिङ्ग (सीमा), मार्गदर्शन निर्माण | २०८०।०१।१४ | योजना |
| ६ | पूर्व बजेट छलफल कार्यक्रम (सरोकारवालाहरुसँग) | २०८०।०१।२३ | योजना शाखा |
| ७ | कार्यपालिका बैठकबाट सिलिङ्ग र मार्गदर्शन अनुमोदन | २०८०।०१।२४ | प्रप्रअ |
| ८ | वडा समिति र शाखालाई बजेट सीमा र बजेट तर्जुमा मार्ग निर्देशन पठाउने । | २०८०।०१।२४ | योजना र प्रशासन शाखा |
| ९ | वडागत बजेट निर्माण सहजीकरण टोली र वडागत बजेट तर्जुमा समय सारिणी आदान प्रदान | २०८०।०१।२४ | योजना शाखा |
| १० | वडास्तरीय योजना तर्जुमा र प्राथमिकता निर्धारण गरी पठाउने | २०८०।०१।२७ देखि २।८ सम्म | वडा समिति |
| ११ | वडा तथा विषयगत शाखाबाट प्राप्त योजना र नगर गौरवका योजनाहरुको प्राथमिकताहरु विषयगत समितिमा पेश | २०८०।०२। १० गते | वडा समिति |
| १२ | विषयगत समितिमा छलफल | २०८०।०२।१० देखि १५ सम्म | सदस्य सचिव |
| १३ | विषयगत समितिबाट पारित भएका योजनाहरु बजेट तथा कार्यक्रम तर्जुमा समितिमा छलफल र प्रमुख समक्ष पेस गर्ने । | २०८०।०२।१९ देखि २० | योजना शाखा |
| १४ | नीति तथा कार्यक्रमको अन्तिम मस्यौदा | २०८०।०२।२० | योजना शाखा |
| १५ | कार्यपालिकाको बैठकमा बजेट, योजना नीति तथा कार्यक्रम पेश | २०८०।०२।२१ | प्रमुख+उपप्रमुख |
| १६ | नगरसभामा नीति तथा कार्यक्रम प्रस्तुत । | २०८०।०२।२६ | योजना शाखा |
| १७ | कार्यपालिकाको बैठक र नगरसभाबाट आएका सुझावहरुमाथि छलफल र परिमार्जन । | २०८०।०२।२९ | योजना शाखा |
| १८ | नगरसभामा बजेट पेश | २०८०।०३।०३ | उपप्रमुख |
| १९ | नगरसभाबाट बजेट स्वीकृत | २०८०।०३।०६ | योजना शाखा |
| २० | सर्वसाधारणको जानकारीका लागि प्रकाशन | २०८०।३।२५ मसान्त | योजना शाखा |
| २१ | बजेट कार्यान्वयन कार्ययोजना निर्माण र स्वीकृत | २०८०।३।२५ देखि ३१ | योजना शाखा |

निर्णय नं. ६ विविध

- (क) बर्दघाट नगरपालिकाको "स्वास्थ्य तथा सरसफाइ ऐन २०७९" को दफा ८ को उपदफा २ (१) (ख) बमोजिम गठन हुने स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्षमा नगरपालिकाभित्र बसोबास गर्ने कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण विभिन्न सामाजिक कार्यमा अनुभवी व्यक्तिहरु मध्ये नगर कार्यपालिकाले निर्णय गरेको व्यक्ति अध्यक्ष रहने प्रावधान वमोजिम स्थानीय क्षेत्रको विकासमा महत्वपूर्ण योगदान गरी आएका समाजसेवी नवलपरासी जिल्ला बर्दघाट नगरपालिका वडा नं ४ निवासी श्री इन्द्रप्रसाद सापकोटालाई चिसापानी अस्पतालको सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्षमा मनोनयन गर्ने ।
- (क) बर्दघाट नगरपालिकाको नगर प्रहरी पदमा कार्यरत कर्मचारी श्री पुरुषोत्तम पौडेलको ४२ बर्षको उमेरमा मिति २०८०/०१/०१ का दिन भएको असामयिक निधनले हामीलाई अत्यन्त दुःखी तुल्याएको छ । दुःखको यस घडीमा स्व. पुरुषोत्तम पौडेलप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त सहित शोक प्रस्वात पारित गरियो ।

मिती २०८०/०१/०८ कार्यपालिकाको बैठकमा फरकमत राख्ने कार्यपालिकाका सदस्यहरु

मिती २०८० साल बैसाख ८ गते बसेको बर्दघाट नगरपालिकाको बैठक संख्या ५४ को प्रस्ताव नं. २ को निर्णय नं. ३ मा प्रस्तावित बसपार्क निर्माणका लागी — यस नगरपालीकाको नाउमा आपदकृ मुसा(को जग्गा धनिपुर्जा कायम भएको जग्गा जमिन छुट्याउदै विवादीत जग्गालाई लिनुपर्ने लिने निर्णय प्रति मेरो फरकमत जाहेर गर्दछु ।

कविराज आचार्य (वडा अध्यक्ष - ८) का.पा.स.

नर वहादुर चौधरी (वडाध्यक्ष १६)

गोविन्द विश्वकर्मा व.न.पा. का.पा.स.

चन्द्र बहादुर आले वडा अध्यक्ष वडा नं १५

बुद्धराम बि.क. कार्यपालिका स. वडा १६

जानकी न्यौपाने कार्यपालिका सदस्य

चन्द्रकान्त थापामगर वडा अध्यक्ष वडा नं. ९